लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

# कानूनी सचेतना कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

मन्त्रालयबाट स्वीकृत मितिः २०८१।०८।०५

**प्रस्तावना:** लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको आर्थिक वर्ष २०८१।०८२ को लागि विनियोजित बजेट कार्यक्रमको क्रियाकपाल कोड २.७.१३.५ मा रहेको उच्च माध्यमिक तथा माध्यमिक तहका विद्यार्थीहरुलाई कानूनी सचेतना गराउने कार्यक्रमले लिएको उद्देश्य अनुरुप विद्यार्थीहरुलाई नेपालको संविधान, मानव अधिकार, महिला/बालबालिका/ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिको अधिकार, न्यायिक समिति तथा कार्यस्थलमा यौनजन्य दुर्व्यवहार/जातीय छुवाछुत/बोक्सीको आरोप/मानव बेचविखन/भ्रष्टाचार विरुद्ध लगायतको कानूनी व्यवस्थाको सम्बन्धमा सचेतना जगाई प्रदेशभित्र रहेका सरकारी एवं सामुदायिक विद्यालयका माध्यमिक र उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुमा कानूनी रुपमा नैतिकवान, जिम्मेवार र असल नागरिक बनाउन उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) को दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कानूनी सचेतना कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुशिक्षक" भन्नाले मन्त्रालय मार्फत प्रशिक्षक प्रशिक्षण प्राप्त गर्ने विद्यालयका सामाजिक शिक्षकलाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले मन्त्रालयले छनोट गरेका विद्यालयमा सञ्चालित कानूनी सचेतना अभियान कार्यक्रम सम्झनु पर्छ।

(ग) "विद्यालय" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका प्रदेश भित्रका सरकारी एवं सामुदायिक विद्यालय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिमको निर्देशक तथा कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ।

(च) "समूह" भन्नाले दफा ५ बमोजिम गठन हुने सचेतना समूह सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ।



मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल
प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

३. <u>निर्देशक तथा कार्यक्रम कार्यान्वयन समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विद्यालय, शिक्षक एवं समूहलाई आवश्यक निर्देशन एवं समन्वय गर्न मन्त्रालयमा देहायका बमोजिमका सदस्यहरु भएको एक निर्देशक तथा कार्यक्रम कार्यान्यवन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक
(ख) महाशाखा प्रमुख (कानून हेर्ने), मन्त्रालय -सदस्य
(ग) शाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य
(घ) शाखा प्रमुख (मानव अधिकार हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(ङ) शाखा प्रमुख (विद्यालय हेर्ने), सामाजिक विकास मन्त्रालय -सदस्य
(च) कानून अधिकृत,मन्त्रालय -सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तक र अनुशिक्षण तालिमको कार्यविधि स्वीकृत गर्ने,
(ख) विद्यालयको छनोट गरी यस कार्यविधि बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
(ग) समूहको मासिक प्रगति प्रतिवेदनको पृष्ठपोषण प्रदान गरी सुधारको लागि आवश्यक सल्लाह तथा निर्देशन प्रदान गर्ने,
(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकाय, सम्बन्धित संस्थाहरुसँग समन्वय र सहजीकरण गर्ने,
(ङ) कार्यक्रम कार्यान्वयनमा आइपर्न सक्ने समस्याहरुको पूर्वानुमान तथा पहिचान गरी समाधान गर्ने,
(च) कार्यक्रमको स्थलगत भ्रमण तथा अनुगमन गर्ने,
(छ) कार्यक्रम प्रभावकारिताको लागि मन्त्रालयले तोकेको अन्य आवश्यक कार्य गर्ने।

४. <u>विद्यालयको छनोटका आधारहरुः</u> समितिले कार्यक्रम लागू हुने विद्यालयको छनोटको लागि देहाय बमोजिमको आधार लिनेछः-

(क) कार्यक्रम अत्यावश्यक रहेको क्षेत्रको विद्यालय,
(ख) तुलनात्मक रूपमा बढी विद्यार्थी संख्या भएको सामुदायिक तथा सरकारी विद्यालय,
(ग) सम्भव भएसम्म लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातिको बसोबास रहेको क्षेत्र,
(घ) अन्य संघ-संस्थाबाट यस्तो प्रकृतिका कार्यक्रम सञ्चालन नभएका विद्यालय,

मा. आ... कुमार ... मन्त्री रेखा कँडेल प्रदेश सचिव

(ङ) निर्देशक समितिले ठहऱ्याएका अन्य उपयुक्त आधार।

५. <u>सचेतना समूहको गठनः</u> (१) कार्यक्रमको प्रभावकारिता एवं विद्यालयमा कानूनी सचेतनामूलक क्रियाकलापहरु सञ्चालनको लागि यस कार्यविधि बमोजिम छनोट भएका विद्यालयको माध्यमिक र उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुमध्येबाट सम्बन्धित विद्यालयका प्रधानाध्यापकको समन्वयमा निजले तोकेको देहाय बमोजिमको सदस्य रहेको एक सचेतना समूह गठन हुनेछः

(क) अध्यक्ष -एक जना

(ख) उपाध्यक्ष -दुई जना

(ग) सचिव -एक जना

(घ) सदस्य -चार जना

(२) उपदफा (१) बमोजिम रहने समूहमा देहाय बमोजिम हुने गरी सदस्य मनोनित गर्नु पर्नेछः-

(क) अध्यक्ष र सचिवमध्ये कम्तिमा एक पदमा महिलाको प्रतिनिधित्व,

(ख) दुई उपाध्यक्षमध्ये भएसम्म कम्तिमा एक जना आदिवासी जनजाति वा मधेशी वा दलित वा मुस्लिम समुदायको प्रतिनिधित्व,

(ग) विद्यालयमा लोपोन्मुख, अति सिमान्तकृत र सिमान्तकृत आदिवासी जनजाति विद्यार्थी रहेमा कम्तिमा एक जनालाई सदस्य पदको जिम्मेवारी प्रदान गर्नु पर्नेछ।

तर खण्ड (क), (ख) र (ग) बमोजिमको क्षेत्रबाट प्रतिनिधित्व गर्ने विद्यार्थी नै उपलब्ध हुन नसक्ने अवस्थामा प्रध्यानाध्यापकले आवश्यकता अनुसार उपलब्ध विद्यार्थीलाई तोक्न सक्नेछ।

(३) समूहले विद्यालयमा देहाय बमोजिमका सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने छन्:-

(क) विद्यालयसँग समन्वय गरी साप्ताहिक, मासिक कार्ययोजना तयार गर्ने,

(ख) विद्यालय र समुदाय स्तरमा नेपालको संविधान, मानव अधिकार, महिला/बालबालिका/ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिको अधिकार, न्यायिक समिति तथा कार्यस्थलमा यौनजन्य दुर्व्यवहार/जातीय छुवाछुत/बोक्सीको आरोप/मानव बेचविखन/भ्रष्टाचार विरुद्ध लगायतको कानूनी व्यवस्थाको सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र यस्ता विषयसँग सम्बन्धित कार्यक्रमहरुमा सहभागिता जनाउने,

मा. आदेश कुमार अग्रवाल
मन्त्री



रेखा कँडेल
प्रदेश सचिव

(ग) समूहले सम्पादन गरेका गतिविधिहरूलाई प्रतिवेदनको ढाँचामा अभिलेख तयार गरी सम्बन्धित विद्यालय र स्थानीय तहको सूचना पाटीमा टाँस गर्ने साथै विद्यालयसँगको समन्वयमा सामाजिक सञ्जालमा पनि आबद्ध गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) को कार्य सञ्चालनार्थ मन्त्रालयले सचेतना कोषका लागि उक्त समूह गठन भएको जानकारी प्राप्त भएपश्चात सम्बन्धित विद्यालयको खातामा एक पटकको लागि रू. दश हजार प्रदान गर्नेछ।

६. कार्यक्रम सञ्चालनका चरणहरु: यस कार्यविधि बमोजिम छनोट भएका विद्यालयमा देहाय बमोजिम तीन चरणमा कार्यक्रम सञ्चालन गरिनेछः-

(क) पहिलो चरण: यस चरणमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(१) दफा ४ बमोजिम प्रदेश भित्रका जिल्लाहरुका विद्यालयहरु छनोट गरी विद्यालयसँग अनुसुची- १ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(२) सम्भव भएसम्म मन्त्रालय स्वयंमले नभए प्रचलित कानून बमोजिम परामर्शदाता फर्म, कम्पनी वा संस्था मार्फत देहायका कार्यहरु गरिनेछः-

(क) अनुसूची- २ बमोजिमको विषयवस्तु समावेश भएको तालिम निर्देशिका वा हाते पुस्तिका तयार गरी आवश्यक परिमाणमा छपाई गरिनेछ।

(ख) छनोट भएका विद्यालयको माध्यमिक तहको एक/एक जना सामाजिक विषय शिक्षकलाई उपखण्ड (२) को (क) बमोजिमको निर्देशिका वा हाते-पुस्तकका आधारमा अनुशिक्षण तालिम प्रदान गरिनेछ।

(ख) दोस्रो चरण: यस चरणमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(१) तालिम प्राप्त अनुशिक्षकले आ-आफ्नो विद्यालयमा प्राप्त निर्देशिका बमोजिम माध्यमिक र उच्च माध्यमिक तहका विद्यार्थीहरुलाई विद्यालयको समयानुकूल तालिका अनुसार कम्तिमा हप्ताको दुई घण्टा कक्षा सञ्चालन गर्नेछन्।

(२) अनुक्षिशकको प्रशिक्षणको कार्यपत्रको सम्बन्धमा आवश्यक अनुगमन र सो कार्यपत्र माथि टिप्पणी गर्ने कार्य सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ।

(३) सम्बन्धित विद्यालयका अनुशिक्षकले दफा ५ बमोजिमको युवा सचेतना समूह गठन गर्नेछन् र समूहले सोही बमोजिमका गतिविधिहरु सञ्चालन गर्नेछ।

(ग) तेस्रो चरण: यस चरणमा देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिनेछः-

(१) अनुशिक्षकले कार्यक्रममा सहभागी सम्पूर्ण विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापक समितिसँग अन्तरक्रिया गरी पृष्ठपोषण सङ्कलन गर्नेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री



सचिव

(२) संकलित पृष्ठपोषणको आधारमा अनुसूची- ३ बमोजिमको प्रतिवेदन तयार गरिनेछ।

७. **कार्यक्रम कार्यान्वयन तथा सञ्चालन खर्चः** (१) कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि मन्त्रालयले देहायको शीर्षकमा प्रचलित कानून बमोजिम खर्चको कार्यविधिभित्र रही खर्च गरी कार्यान्वयन गर्नेछः-

(क) तालिम निर्देशिका वा पाठ्यक्रम तयारी,
(ख) तालिम निर्देशिका वा हाते पुस्तिका छपाई,
(ग) अनुशिक्षण प्रशिक्षण तालिम सञ्चालन,
(घ) अनुशिक्षण सामग्री,
(ङ) अनुशिक्षण भत्ता, कार्यक्रम संयोजन भत्ता, कार्यपत्र टिप्पणी, प्रतिवेदन आदि,
(च) सचेत युवा समूह कोष सञ्चालन,
(छ) युवा सचेतना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च,
(ज) सूचना प्रकाशन, अनुगमन मूल्याङ्कन तथा समिक्षा कार्यक्रम सञ्चालन,
(झ) अन्य विविध।

८. **अनुशिक्षण विधिः** (१) यस कार्यविधि बमोजिम छनोट भएका अनुशिक्षकले मन्त्रालयले निर्धारण गरेको तालिम निर्देशिका वा हाते पुस्तिका बमोजिम प्रत्येक हप्ताको दुई पटक गरेर कार्यक्रम अवधिको अन्त्यसम्म न्यूनतम पचास प्रतिशत विषयवस्तु वा तेह्र घण्टाको कक्षा सञ्चालन गरेको हुनु पर्नेछ।

(२) अनुशिक्षकले २०८२ सालको जेठ महिनाभित्र कार्यक्रम सञ्चालन गरी सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षण गराउने शिक्षकले अनुसूची-३ बमोजिमको प्रतिवेदन भत्ता प्रयोजनको लागि पेश गर्नु पर्नेछ।

(४) प्रशिक्षण गराउने शिक्षकले प्रति कक्षा स्वरुप रू.पन्ध्र सय (पारिश्रमिक कर सहित) पाउनेछ।

(५) विद्यालयको प्रधानध्यापकले कार्यक्रमको समन्वय एवं अनुशिक्षकले प्रशिक्षण गरेका बखत सुपरिवेक्षण गरेबापत् प्रति प्रशिक्षण-सत्र बराबर रु ७०० रुपैया खाना खर्च बापत् पाउनेछन्।

९. **अनुगमन तथा मुल्याङ्कनः** मन्त्रालयले सम्बन्धित महाशाखाले कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नेछ।

१०. **कार्यक्रम सञ्चालन बापत रकम भुक्तानीः** अनुशिक्षक र प्रधानाध्यापकले अनुसूची- ४ मा तोकिएको फाराम प्रमाणित गरी र अनुसूची- ३ बमोजिमको कार्यक्रम प्रतिवेदन समेत संलग्न गरी यस कार्यविधि

मा. आदेश कुमार अग्रवाल
मन्त्री



रेखा कँडेल
प्रदेश सचिव

बमोजिम कार्यक्रम अवधि समाप्त भएपछि भत्ता भुक्तानीको लागि असारको पहिलो हसाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

११. <u>बजेट व्यवस्थापन सम्बन्धी व्यवस्था</u>: यस कार्यक्रमको उद्देश्य पूर्ति गर्न मन्त्रालयको स्वीकृत वार्षिक बजेटमा विनियोजन भएको रकमबाट यस कार्यविधि बमोजिम प्रचलित कानूनको अधीनमा रही खरिद लगायतका कार्य गर्नेछ।

१२. <u>लेखा एवम् लेखा परिक्षण</u>: यस कार्यविधि बमोजिम भए गरेको खर्चको लेखा र लेखा परीक्षण लेखा प्रणाली अनुसार हुँनेछ।

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल
प्रदेश सचिव

अनुसूची- १

(दफा ६ को खण्ड (क) को उपखण्ड (१) सँग सम्बन्धित)

## सम्झौतापत्रको ढाँचा

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ...................जिल्ला, .........................महानगर/उपमहानगर/नगरपालिका/गाउँपालिका, वडा नं.........मा रहेको श्री .......................... (विद्यालय) (यस पछि "दोश्रो पक्ष" भनिएको) का बीच .............. युवा सचेतना अभियान कार्यक्रम सञ्चालन गर्ने निर्देशक तथा कार्यक्रम कार्यान्वयन समितिको मिति २०८१.../......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा गर्न गराउन मन्जुर भएकाले यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं:-

१. प्रशिक्षण सम्बन्धमा: दोस्रो पक्षले कार्यविधि बमोजिम छनोट भएको अनुशिक्षकलाई प्रशिक्षणको लागि आवश्यक समन्वय र सहयोग गर्नेछ।

२. प्रशिक्षण अवधि: दोस्रो पक्षले कार्यविधि बमोजिम हप्ताको कम्तीमा एकदिन अनुशिक्षकलाई कम्तीमा १ घण्टा समय प्रशिक्षण वापत समय उपलब्ध गराउनु पर्नेछ।

३. अनुशिक्षक सम्बन्धमा: कार्यविधि बमोजिम प्रशिक्षणको अनुमगन एवं रोहवरमा अनुशिक्षकलाई प्रशिक्षण गर्न लगाई सोको प्रतिवेदन र मन्त्रालयसँग समन्वय गर्नु गराउनु दोस्रो पक्षको कर्तव्य हुनेछ।

४. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च: कार्यक्रमलाई प्रभावकारी कार्यावन्यनको लागि पहिलो पक्षले दोस्रो पक्षलाई युवा सचेतना समूहको गठन, परिचालन तथा अन्य व्यवस्थापनको लागि आवश्यक रकम उपलब्ध गराउनेछ।

५. प्रतिवेदन पेश गर्नु पर्ने: दोश्रो पक्षले कार्यविधि बमोजिम भत्ता एवं सुविधा पाउन तोकिएको आवश्यक प्रतिवेदन पेश गर्नु पर्नेछ।

| पहिलो पक्ष (मन्त्रालयको तर्फबाट) | दोस्रो पक्ष (सम्झौता गर्ने विद्यालयको तर्फबाट प्र.अ.): |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| मन्त्रालयको छाप: | विद्यालय: |
| मिति: | मिति: |



रेखा कँडेल
प्रदेश सचिव

मा. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची- २

(दफा ६ को खण्ड (क) को उपखण्ड (२) को बुँदा नं. (क) सँग सम्बन्धित)

**तालिम निर्देशिका/हाते पुस्तिकामा रहने विषयवस्तु र पाठ्य समय**

| क्र.सं. | कार्यपत्रको विषयवस्तु | पाठ्य समय | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रमको परिचय | १.३ घण्टा | |
| २ | लुम्बिनी प्रदेशको परिचय | १.३ घण्टा | |
| ३ | नेपालको संविधान | १.३ घण्टा | |
| ४ | मानव अधिकार/मौलिक/महिला अधिकार | १.३ घण्टा | |
| ५ | विवाह/सम्बन्ध विच्छेद | १.३ घण्टा | |
| ६ | ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्तिको अधिकार | १.३ घण्टा | |
| ७ | यातना विरुद्धको अधिकार | १.३ घण्टा | |
| ८ | बोक्षीको आरोप विरुद्धको कानूनी व्यवस्था | १.३ घण्टा | |
| ९ | कार्यस्थलमा यौनजन्य दुर्व्येवहार | १.३ घण्टा | |
| १० | उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था | १.३ घण्टा | |
| ११ | व्यक्तिगत घटना दर्ता | १.३ घण्टा | |

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल
प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

# अनुसूची- ३

(दफा ६ को खण्ड (ग) को बुदाँ नं २ र दफा १० सँग सम्बन्धित)

## अनुशिक्षक र टिप्पणीकर्ताले पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा

कार्यक्रमको

१. परिचय (अनुशिक्षकको नाम, पद र विद्यालयको नाम):

२. समयावधि (कक्षा सञ्चालन मिति, समय):

३. खर्च विवरण (बिल/भर्पाई समेत):

४. प्रभावकारिता र उपलब्धि:

५. समस्या र चुनौती:

६. सुझाव र निष्कर्ष:

७. सम्बन्धित तस्वीरहरू:

८. प्रत्येक प्रशिक्षण शत्रको विद्यार्थीको हाजिरी विवरण:

रेखा कँडेल
प्रदेश सचिव

आ. आदेश कुमार अग्रवाल
मन्त्री

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## अनुसूची- ४

(दफा १० सँग सम्बन्धित)

**रकम भुक्तनीको फारामको ढाँचा**

श्रीमान् सचिवज्यू,
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
लुम्बिनी प्रदेश।

विषयः भुक्तानी सम्बन्धमा।

हाम्रो ध्यान, युवा सचेतना अभियान कार्यक्रम........................................... विद्यालयमा देहायबमोजिम सञ्चालन गरिएकोले नियमानुसार भत्ता बापतको रकम भुक्तानी गरिदिनुहुन अनुरोध छ।

| क्र.स | विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुशिक्षण गरिएको मिति प्रविष्टि गर्ने | | | | |
| १. | अनुशिक्षण | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | जम्मा अनुशिक्षण घण्टाः | | | जम्मा रकमः | |

**संलग्न कागजातहरूः**

| | | | |
|---|---|---|---|
| अनुशिक्षणका लागि प्रस्तुतीकरण सङख्याः | | अनुशिक्षकको (सामाजिक शिक्षक) | |
| जम्मा विद्यार्थी हाजिरी सङ्ख्याः | | नामः | बैंक खाता नं. |
| युवा सचेतना समूहका लागिः | | | |

| | | |
|---|---|---|
| विद्यालयको छाप | पदः | PAN No. |
| | तहः | हस्ताक्षरः |
| | टिप्पणीकर्ताको (प्र.अ.) | |
| | नामः | बैंक खाता नं. |
| | पदः | PAN No. |
| | तहः | जम्मा रकमः |
| | हस्ताक्षरः | |

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा ...
प्रदेश

| | |
|---|---|
| जम्मा भुक्तानी दिनुपर्ने रकम: | |

मा. आदेश कुमार अग्रवाल
मन्त्री

रेखा कँडेल
प्रदेश सचिव